अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः ९, गोरखा, भाद्र २ गते २०८२ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकको सडक हेरालु सम्बन्धी कार्यविधि-२०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

**अजिरकोट गाउँपालिकको सडक हेरालु सम्बन्धी कार्यविधि-२०८२**

# अजिरकोट गाउँपालिका

## अजिरकोट गाउँपालिकको सडक हेरालु सम्बन्धी कार्यविधि-२०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# अजिरकोट गाउँपालिकको सडक हेरालु सम्बन्धी कार्यविधि-२०८२

## प्रस्तावना

अजिरकोट गाउँपालिका क्षेत्र भित्र रहेका बाह्रैमास चल्ने सडक तथा अन्य सडकहरूको मर्मत सम्भार गरी दीगो रुपमा यातायात सञ्चालन गरी सवारी आवागमनलाई सुचारु राखे कार्यलाई व्यवस्थित, मर्यादित र नियमसंगत बनाउँन वान्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम अजिरकोट गाउँपालिकाको 'सडक हेरालु व्यवस्थापन कार्यविधि-२०८२ रहनेछ।

(२) यो कार्यविधिको विस्तार गाउँपालिका भर गाउँपालिका भर हुनेछ।

(३) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "अध्यक्ष" भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "उपाध्यक्ष" भन्नाले अजिरकोट गाउँपालिकको उपाध्यक्ष सम्झनु पर्दछ।

ग. "प्रमुख प्रशासकीय अधिकतृ" भन्नाले अजिरकोट गाउँपालिकको प्रमुख प्रशासकीय अधिकृत सम्झिनु पर्दछ।

घ. " सडक हेरालु" भन्नाले अजिरकोट गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न नियुक्ती भएका कर्मचारी सम्झनु पर्दछ ।

ङ. "छनौट समिति" भन्नाले सडक हेरालु छनौट समिति सम्झनु पर्दछ।

च. "सडक" भन्नाले अजिरकोट गाउँपालिका अन्तर्गतका वडा स्थित विभिन्न सडकहरू सम्झनु पर्दछ

छ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

झ. "अनुगमन समिति" भन्नाले सडक हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

**३. कार्यक्षेत्रः** (१) सडक हेरालुहरुको कार्यक्षत्र निम्न बमोजिम हुनेछः

(क) हेरालुहरूको कार्यक्षेत्र यस अजिरकोट गाउँपालिका अन्तर्गत रहेका वडाले तोकिएका सडक क्षेत्रहरू हुनेछ ।

(ख) गाउँपालिका तथा वडाले तोकिएको सडकमा हेरालु खटाउँन सकिनेछ ।

(२) सडक हेरालु खटाउँदा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित वडाको प्राविधिकले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ।

## ४. कार्य प्रकृतिः

(१) सडक हेरालुहरूको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

(क) सडकमा पर्ने खाल्डा हरू पुर्ने, र सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य, सडकमा आएको पानी सुरक्षित स्थानमा कटाउने।

(ख) सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने।

(ग) सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने कार्य।

(घ) नाली मर्मत तथा अन्य क्षतिको मर्मत, कुलेसा मर्मत, तथा सडक छेउछाउको झारपात सफा गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने ।

(ङ) सडक सरसफाइ गर्ने तर ठूला प्रकृतिका रुखहरू, घाँसका बिरुवाहरू लगायत अन्य काममा जाउने बोट बिरुवाहरू काट्नुपर्दा सम्बन्धित रुख घनी वा वडा अध्यक्ष तथा वडा सदस्यहरूसँग समन्वय गर्नुपर्नेछ ।

(च) सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने।

(छ) सडक दायाँ वायाँ वृक्षरोपण गर्ने।

(ज) सडकमा देखिएको गम्भीर समस्या (जस्तैः भासिने, पुलको क्षति, पहिरो आदि को रिपोर्ट सम्बन्धित प्राविधिक/वडामा दिनु पर्नेछ।

(झ) आवश्यकता अनुसार वडा अध्यक्ष, सम्बन्धित प्राविधिकले लगाएको अन्य कार्य गर्ने ।

## ५. हेरालु छनौट समिति

१) सडक हेरालु छनोट सम्बन्धीत वडा बाट हुनेछ ।

२) सम्बन्धीत वडाको वडा समितिले हेरालु छनोट समितिको रुपमा कार्य गर्नेछ।

**६. छनौट प्रक्रिया र योग्यताः** (१) सडकको मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः

क. सडक हेरालुका लागि उपयुक्त उमेद्वारको आवेदन माग गर्नका लागी न्यूनतम सात दिन अवधिको सूचना प्रकाशन गर्नुपर्नेछ ।

ख. तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरु वडा कार्यालयमा दर्ता गरी योग्यता पुगेका निवेदकहरु छनोट गरि वडा समितिले गाउँपालिकामा सिफारिस गर्नेछ।

ग. वडा समितिले सिफारिस गरि पठाएका उमेद्वारहरूलाई काममा खटाउन पूर्व गाउँपालिकावाट सम्झौता गरि काममा लगाईनेछ।

(२) हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ ।

(क) सम्वन्धित सडक नजिक रहेको।

(ख) उमेर १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको।

(ग) आर्थिक अवस्था कमजोर रहेको।

(घ) काम प्रतिको जिम्मेवारी जावफदेहीता वहन गर्ने।

(ङ) अजिरकोट गाउँपालिकामा बेरोजगार सूचिमा सूचिकृत व्याक्तिहरुलाई प्रथामिकता दिईनेछ ।

(च) अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

वडा समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरूलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले अनुसूची १ बमोजिमको ढाँचामा दिनेछ। सिफारिस भएको उमेद्वारहरूको करार सम्झौता २ महिना सम्मका लागि मात्र हुनेछ। २ महिना पछि निजको काम सन्तोषजनक देखिएमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको

सिफारिसमा छनौट समितिले पुन म्याद थप गर्ने निर्णय गरी पठाएमा तोकिएको समयसम्मका लागि पुनः म्याद थप गर्न सकिनेछ।

## ७. हेरालुको दैनिक कार्य समय

(१) सडक हेरालुले प्रति दिन ८ घण्टा तोकिएको सडकमा मर्मत सम्भारको कार्य गर्नुपर्नेछ ।तर भैपरी भएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको वा हुन सक्ने अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।

## ८. सेवा सुविधाः

(क) सडक हेरालुको पारिश्रमिक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको दररेट अनुसार दैनिक रू. ७५४ (सात सय चउन्न रुपैया) हुनेछ ।

(ख) हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार गाउँपालिका मार्फत उपलब्ध गराउने छ।

(ग) सम्बन्धित वडाबाट सिफारिसको आधारमा मात्र महिना सम्पन्न भएपछि वा म्याद सम्पन्न भएपछि सेवा उपलब्ध गराईने छ।

(घ) विशिष्ट अवस्था जस्तै अत्यावश्यक बेलामा राति काम गर्नुपरेमा दैनिक ज्याला बराबरको रकम अतिरिक्त भत्ताको रुपमा दिईने छ।

(ङ) सडक हेरालुलाई आवश्यक कुनै विदा बस्नु परेमा सम्बन्धित वडा कार्यालयमा जानकारी गराई विदा बस्नुपर्नेछ।

<u>**९.अनुगमन समिति**</u> (१) हेरालुहरूको सडक मर्मत कार्य प्रभावकारी बनाउन तथा सडकको स्थिति बारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका अध्यक्ष - सदस्य

(ग) सम्बन्धित वडा हेर्ने प्राविधिक - सदस्य सचिव

<u>**१०) विविध**</u>

कार्याविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

# अनुसूची - १

## करार सम्झौता

अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र गोरखा जिल्ला, अजिरकोट गाउँपालिका वडा नं ........ बस्ने श्री................................................... (त्यसपछि दोस्रो पक्ष भनिएको) का बीच अजिरकोट गाउँपालिकाको सडक हेरालुको कामकाज गर्न गराउन देहायका कार्य / शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकोले यो करारको संझौता गरी एक/एक आपसमा बुझि लियाँ दियौः

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अजिरकोट गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधिले तोके अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ।

२. काम गर्नु पर्ने स्थानः अजिरकोट गाउँपालिका, वडा नं.........

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिकः प्रत्येक महिना समाप्त भएपछि, पहिलो पक्षले दोस्रो पक्षलाई वडा प्राविधिक र वडा अध्यक्षवाट प्रमाणित सहित डोर हाजिर पेश गरे पश्चात दैनिक रु ७५४ अक्षरुपी रू. सात सय चौउन्न हिसाब गरि पारिश्रमिक उपलब्ध गराउनेछ।

४. आचरण पालनाः दोस्रो पक्षले अजिरकोट गाउँपालिकाको प्रचलित कानून व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्था पालना गर्नुपर्नेछ।

५. विदाः दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक महिनाको १ दिन बिदा उपलब्ध हुनेछ। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक बिदाको दिनमा काम लगाए वापत दैनिक पांउने पारिश्रमिक दररेट अनुसारको रकम दोस्रो पक्षलाई दिईनेछ।

६. करार अवधिः यो करार मिति.................................. देखि लागु भई मिति ...................... सम्मको लागि हुनेछ।

७. कार्यसम्पादन मूल्याङकनः पहिको पक्षले दोस्रो पक्षको कार्य सम्पादन मुल्याङकन गर्ने र सो मूल्याङकन गर्दा निरन्तरता दिन उपयुक्त दिखिएमा कार्यावधिको लागि अवधिको लागि थप

हुन सक्नेछ ।

८. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोस्रो पक्षले पहलो पक्षलाई लगातार ७ दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोस्रो पक्षले शारिरीक रुपमा अस्वस्था भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ

भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरू बराबर उल्लघंन गरेमा दोस्रो पक्षसँगको संझौता प्रथम पक्षले चाहेको कुनैपनि बेलामा रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन।

९. दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै कारण पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाँउने छैन् गर्ने छैन ।

१०. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रथम पक्षले निर्णय गरे बमोजिम हुनेछ।

| गाउँपालिकको तर्फवाट | दोस्रो पक्ष ( करार गर्ने व्यक्ती |
|---|---|
| हस्ताक्षरः.............................<br>नामः...................................<br>पदः.................................... | हस्ताक्षरः.............................<br>नामः...................................<br>ठेगाना.................................... |

**प्रमाणिकरन मितिः २०८२|०४|२९**

**आज्ञाले**
**रचना बुढाथोकी**
**प्रमुक प्रशासकीय अधिकृत**